नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. न.:-

## प्रेस विज्ञप्ति

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री माननीय दामोदर भण्डारीसँग भारत सरकारको विदेश मन्त्रालयका अतिरिक्त सचिव श्री मुनु महावरले आज मन्त्रालयमा शिष्टाचार भेटघाट गर्नु भयो। अतिरिक्त सचिव श्री महावरलाई मन्त्रालयमा स्वागत गर्नु हुँदै माननीय मन्त्रीले नेपाल र भारतवीच खुला सीमाना, भौगोलिक निकटता र जनस्तरको घनिभूत सम्बन्धका कारण दुई देशबीच बलियो आर्थिक, सामाजिक सम्बन्ध रहेको बताउनु भयो।

माननीय मन्त्रीले भारत नेपालको सबैभन्दा ठुलो व्यापारिक साझेदार भए पनि व्यापारको आकार बढे अनुरुप नेपालको निर्यात अपेक्षित रुपमा बढ्न नसकेकोले नीतिगत रुपमा नै यसलाई सम्बोधन गर्नु पर्ने आवश्यकता औंल्याउनु हुँदै विद्यमान व्यापार सन्धि संशोधनका लागि दुवै देशको सहसचिवस्तरमा रहेको प्राविधिक समितिको बैठक चाँडै बैठक बसेर यो विषयलाई टुङ्ग्याउनु पर्ने विषयमा जोड दिनु भयो।

माननीय मन्त्रीले हालै सम्पन्न वाणिज्य सचिवस्तरको अन्तर सरकारी समिति (IGC) बैठकमा बी.आइ.एस. प्रमाणपत्र जारी तथा नवीकरणमा नेपाली वस्तुका लागि प्राथमिकताका आधारमा शीघ्रता दिने प्रतिबद्धता भए पनि अझै नेपाली निर्यातकर्तावाट बि.आइ.एस. प्रमाण-पत्रको प्राप्ति र नवीकरणमा प्रगति नभएको गुनासो प्राप्त भई रहेकोले यो समस्या समाधानका लागि आग्रह गर्नु भयो।

भेटघाटका अवसरमा पारवहन सन्धिमा समसामयिक परिमार्जन गर्न भारत सरकाको सहमतिका लगि पठाएका विभिन्न लेटर अफ एक्सचेन्जहरु चाँडो टुङ्ग्याउने, भारत सरकारको आर्थिक एवं प्राविधिक सहयोगमा निर्माणका लागि सहमति भएका दोधरा-चाँदनी आईसीपी, पेट्रलियमा पाईप लाईन निर्माण, बैतडीको झुलाघाट र डडेल्धुराको सिर्समा मोटरेबल पुलको शीघ्र निर्माण कार्य शीघ्र प्रारम्भ गर्ने लगायत विषयमा छलफल भयो ।

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
Website: http://www.moics.gov.np

मानर्नीय मन्त्रीले नेपाल सरकार र नेपाल उद्योग वाणिज्य महासङ्घ (FNCCI) को संयुक्त आयोजनामा आगामी २-३ मार्च २०२५ मा नेपालको काठमाडौंमा हुन गई रहेको नेपाल अन्तर्राष्ट्रिय आर्थिक शिखर सम्मेलनमा भारतका तर्फबाट उच्च तहका पदाधिकारी एवं भारतीय उद्योगी व्यवसायी तथा लगानीकर्ताको उल्लेख्य सहभागिता रहने विश्वास व्यक्त गर्नु भयो।

भेटघाटका अवसरमा अतिरिक्त सचिव श्री महावरले भारतले छिमेक पहिलो नीति अन्तर्गत नेपाललाई उच्च प्राथमिकता दिएको बताउनु हुँदै नेपालको विकासमा भारत विभिन्न क्षेत्रमा सहयोग गर्न तत्पर रहेको र भेटघाटका क्रममा उठेका विषयहरुलाई सम्बोधन गर्न आफ्नो तर्फबाट सम्बद्ध निकायहरुसंग समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो। सो भेटघाटका अवसरमा नेपाल सरकारको उद्योग वाणिज्य तथा आपूर्ति र परराष्ट्र मन्त्रालय मन्त्रालय एवं नेपालस्थित भारतीय राजदूतावासका कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो।

सहसचिव/प्रवक्ता

मिति: २०८१/१०/१४ गते